आज मिति २०८३ साल वैशाख ८ गते मंगलबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५९ (उनन्सट्ठीऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा
१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ      शान्ति
१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार
२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली
२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. संस्था दर्ता सम्बन्धमा।
३. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
४. करार सेवामा कर्मचारी नियुक्ति सम्बन्धमा।
५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।
६. ज्याला भुक्तानी गर्ने सम्बन्धमा।
७. कृषि हाट बजार र चिस्यान केन्द्र निर्माण सम्बन्धमा।
८. नगरपालिका भित्र संचालित सहकारीहरुका सम्बन्धमा।
९. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।
१०. म्याद थप गर्ने सम्बन्धमा।
११. नगर शिक्षा योजना निर्माण गर्न सैद्धान्तिक स्वीकृत दिने सम्बन्धमा।
१२. संचार सुविधा सम्बन्धमा।
१३. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका ०१ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ८०७, मिति २०८३/०१/०३ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री नमोबुद्ध बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र काठमाडौं (बौद्ध)को शाखा कार्यालय र नमोबुद्ध नगरपालिका ०८ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ९९१, मिति २०८२/१२/२७ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री ज्याङछ्युप दार्गेलिङ गुम्बा नियमानुसार दर्ता गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकाको कार्यालय अन्तर्गत रहने गरी रिक्त रहेको हलुका सवारी चालक (पद संख्या २) का सम्बन्धमा मिति २०८२/१२/०१ गते प्रकाशित सूचना अनुसार आवेदन दिएका उम्मेदवारहरुको मिति २०८२/१२/२३ गतेको पदपूर्ति समितिको निर्णय अनुसार छनौट भएका उम्मेदवारहरुका सम्बन्धमा मिति २०८२/१२/२५ गतेको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नम्बर ४:

मिति २०८२/१२/२६ गते नगर प्रमुखज्यूको संयोजकत्वमा बसेको नगर शिक्षा समितिको शिक्षा योजना निर्माण समिति गठन, निजी तथा संस्थागत विद्यालयको शुल्क प्रस्ताव, विद्यालय संचालन कक्षा थप अनुमति, वडा शिक्षा समिति मार्फत विद्यालय नियमन तथा सहजीकरण, स्थानीय पाठ्यसामाग्री विकास तथा लेखन कार्यदल गठन, वैदेशिक रोजगार छात्रवृत्ति, शिक्षा विविध सम्बन्धी भएको निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २. को उपदफा (३) बमोजिम पेश हुन आएका श्री गणेश लामा प्रोपाइटर रहेको काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०१ स्थायी ठेगाना भएको श्री कर्म एण्ड एम कन्स्ट्रक्सनलाई ईजाजतपत्र प्रदान गर्ने।

निर्णय नम्बर ६:

सडक डिभिजन भक्तपुरको प.सं. २०८२/०८३, च.नं. ५८६, मिति २०८२/०८/१५ को स्काभेटर उपलब्ध गराइएको सम्बन्धी प्राप्त पत्रानुसार लाँकुरी भन्ज्याङ पनौती शंखु दाहालटार NH15 सडक मर्मत सुधारको काममा प्रयोग गर्न स्काभेटर उपलब्ध गराईएको हुँदा सोको लागि आवश्यक पर्ने ईन्धन र जनशक्ति नगरपालिकाले नै व्यवस्थापन गर्ने भनि उल्लेख भए अनुसार सोको लागि आवश्यक पर्ने इन्धन र हेरालुको लागि कामकाजमा खटाईएको जनशक्तिलाई १ महिना १५ दिनको ज्याला नियमानुसार उपलब्ध गराउने।

निर्णय नम्बर ७:

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. यो.ब.का/५१८, मिति २०८२/१२/१७ गते र प.सं. २०८२/०८३, च.नं. यो.ब.का/५१९, मिति २०८२/१२/१७ गतेको विवरण उपलब्ध गराईदिने सम्बन्धी प्राप्त पत्रानुसार तपसिल बमोजिमको विवरण उल्लेख गरी सम्बन्धित निकायमा पठाउने।

तपसिलः

१. *चिस्यान केन्द्र सम्बन्धमा।*

नमोबुद्ध नगरपालिकाको साविक मेथिनकोट गा.वि.स., वडा नम्बर ०३ (हाल नमोबुद्ध नगरपालिका वडा नम्बर ०३) कित्ता नम्बर ६४६ मा रहेको दाहालचौर क्षेत्रमा १००० मेट्रिक टन क्षमता रहेको करिब दश करोड लागत अनुमानमा बहुवर्षीय आयोजना अन्तर्गत उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीका लागि बजार प्रवर्द्धन कार्यक्रमका लागि चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणाधीन अवस्थामा रहेको र अपर्याप्त श्रोत र सोको व्यवस्थापनका कारणले समयमा नै निर्माण सम्पन्न गर्न सकिने अवस्था नभएकोले सोको विवरण उल्लेख गरी आवश्यक बजेट श्रोत व्यवस्थापनका लागि सम्बन्धित निकायमा पठाउने।

२. *साप्ताहिक कृषि हाटबजार संचालन सम्बन्धमा।*

नमोबुद्ध नगरपालिकाको साविक मेथिनकोट गा.वि.स., वडा नम्बर ०३ (हाल नमोबुद्ध नगरपालिका वडा नम्बर ०३) कित्ता नम्बर ६४६ मा रहेको दाहालचौर क्षेत्रमा हाल निर्माणाधीन अवस्थामा रहेको चिस्यान केन्द्र (कोल्ड स्टोर) सँगै रहेको जग्गामा स्थायी रुपमा पूर्वाधार निर्माण गर्न र वडा नम्बर ०१ र ११ स्थित धार्मिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक महत्व बाकेको विश्व प्रसिद्ध तथा प्राचिन नमोबुद्ध चैत्य क्षेत्र परिसरमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी साप्ताहिक कृषि हाटबजार संचालन गर्न सकिने हुँदा सोको विवरण उल्लेख गरी आवश्यक बजेट श्रोत व्यवस्थापनका लागि सम्बन्धित निकायमा पठाउने।

<u>निर्णय नम्बर ८:</u>

नमोबुद्ध नगरपालिकाका विभिन्न वडामा संचालित सहकारीहरुको नियमन तथा व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको निर्णय गर्ने।

१. साविक जिल्ला सहकारी डिभिजन कार्यालयमा दर्ता भई हाल नमोबुद्ध नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको श्री सगरमाथा नारी चेतना सीप मुलक सहकारी संस्था लिमिटेड, नमोबुद्ध नगरपालिका वडा नम्बर ०८, काभ्रेपलाञ्चोकको अभिलेख यस नगरपालिकामा हस्तान्तरण भई नआएको हुँदा निज संस्थाले आवश्यक कागजात सहित अभिलेखीकरणको लागि निवेदन पेश गरेको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११. को उपदफा (२) को देहाय ख., सहकारी ऐन, २०७४ र नमोबुद्ध नगरपालिकाको सहकारीको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बमोजिम नियमानुसार व्यवसाय दर्ता गराई अभिलेखीकरण गर्ने।

२. नमोबुद्ध नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका कृषि/महिला/बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाहरूमा देखा परेका व्यवस्थापकीय, वित्तीय तथा सदस्य सम्बन्धी समस्याहरू, व्यवस्थापकीय सुधार, सोको प्रभावकारी समाधान, अनुगमन तथा सहजीकरण तथा आवश्यक सुझाव पेश गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११. को उपदफा (२) देहाय ख. बमोजिम तपसिलको सहकारी समस्या समाधान तथा अनुगमन समिति गठन गर्ने। नगरपालिका भित्र संचालित सहकारीहरुको अवस्था अध्ययन अवलोकन गरी प्रतिवेदन अध्ययन गरी के गर्नुपर्ने हो? राय सुझाव कार्यपालिका बैठकमा पेश गर्न कार्यदेश दिने।

समिति संरचना

| | |
|---|---|
| १. नगर उपप्रमुख | : संयोजक |
| २. आर्थिक प्रशासन शाखा प्रमुख/प्रतिनिधि | : सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति | : सदस्य |
| ४. सम्बन्धित विषयगत समितिको संयोजक | : सदस्य |
| ५. सम्बन्धित शाखा प्रमुख | :सदस्य सचिव |

निर्णय नम्बर ९:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख संघीय सरकारबाट शसर्त अनुदान शिर्षकमा विनियोजन भएको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका कृयाकलाप संचालनका लागि प्राप्त भएको बजेटमा नगरपालिकाको तर्फबाट विभिन्न सरकारी निकाय संघसंस्था साझेदारी कार्यक्रम वा अन्य उपयुक्त शिर्षकबाट शतप्रतिशत रकम विनियोजन गरी नियमानुसार न्यूनतम ज्याला दरमा आधारित भई श्रममूलक आयोजना मार्फत बेरोजगार व्यक्तिहरूलाई रोजगारी सिर्जना गर्ने।

निर्णय नम्बर १०:

नमोबुद्ध नगरपालिकाकाको आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत वार्षिक नगर विकास योजना उल्लेख बागमती प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत नमुना विद्यालय विकास कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०८२/०६/१२ गते प्रकाशित विद्युतीय बोलपत्र (e-bid) सूचनामा नियमानुसार छनोट भएको श्री Himalayan Cross Road Pvt. Ltd., तेमाल गाउँपालिका-०५, काभ्रेपलाञ्चोक बीच मिति २०८२/०८/१४ गते भएको सम्झौता (कार्यदेश मिति २०८२/०८/१५) अनुसार NMUN/NCB/WORKS/01/082/083 Upgrading of 2 No Ward Office to Salthumki Road निर्माणको कार्य मिति २०८३ साल बैशाख मसान्त सम्म सम्पन्न गर्नु पर्ने रहेकोमा निर्माण कम्पनिबाट निर्माण कार्य गर्दै गर्दा हाल मध्यपुर्वमा उत्पन्न तनाबका कारण भएको विश्वव्यापी पेट्रोलियम पदार्थ र बिटुमिनको आपुर्तिका साथी हाल भएको मूल्यवृद्धि लगायतका प्राविधिक कारणले कार्य

सम्पन्न गर्न ढिला भएको कारण देखाई मिति २०८३/०१/०७ गते म्याद थप गरी पाउँ भनि निवेदन पेश गरेको हुँदा सम्झौता बमोजिमको बाँकी कार्य सम्पन्न गर्ने गरी सार्वजनिक खरिद ऐनको दफा ५६. (२) उपदफा (१) बमोजिम मिति २०८३/०३/१० गते सम्म म्याद थप गर्ने।

**निर्णय नम्बर ११:**

मिति २०८२/१२/२६ गते नगर प्रमुखजज्यूको संयोजकत्वमा बसेको नगर शिक्षा समितिको निर्णयानुसार नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धी अधिकारको दीर्घकालीन सोच सहित योजनाबद्ध कार्यान्वयन गर्न नमोबुद्ध नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्न गठित समितिलाई सैद्धान्तिक स्वीकृत दिने।

**निर्णय नम्बर १२:**

नमोबुद्ध नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह भईरहेको सेवाहरुलाई थप पारदर्शी, प्रभावकारी, समयसापेक्ष, छिटो र छरितो रुपमा सम्पादन गर्नका लागि साथै सेवाग्राही तथा सम्बन्धित निकायहरुसँग निरन्तर संवाद गर्न सहजताका लागि नगरपालिकामा कार्यरत शाखा प्रमुखलाई संचार खर्च वापत मासिक रुपमा रकम रु.५०० (अक्षेरुपी पाँच सय) उपलब्ध गराउने।